REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 24.10.2024

---

## Nominations Bye Elections

राज्यका दुइ निर्वाचन क्षेत्रमा हुने उपचुनाउका लागि नामाङ्कन प्रक्रिया चलिरहेछ ।

मनोनयन पत्र बुझाउने छैटौं दिन आज सोरेङ च्याखुङ समस्टिका लागि सिक्किम प्रजातान्त्रिक मोर्चा एस डि एफ पार्टीका उम्मेदवार श्री प्रेमबहादुर भण्डारीले निर्वाची अधिकारी श्री धीरज सुवेदीको कार्यालयमा नामाङ्कन दर्ता गर्नुभयो ।

यसै गरी नाम्ची जिल्लाको नाम्ची सिंगिथाङ क्षेत्रका निम्ति सिक्किम प्रजातान्त्रिक मोर्चाकै श्री डानियल राई निर्वाची अधिकारी सुश्री अनुपा ताम्लिङको कार्यालयमा नामाङ्कन बुझाउनुभयो।

नाम्ची सिंगिथाङकै लागि एस डि एफ को प्रतिनिधित्व गर्दै बैकल्पिक उम्मेदवारको रूपमा सुश्री योजना राईले मनोनयन पत्र भर्नुभएको छ ।

अहिलेसम्म दुवै निर्वाचन क्षेत्रमा सिक्किम क्रान्तिकारी मोर्चा एस के एम र सिक्किम प्रजातान्त्रिक मोर्चा एस डि एफ ले मात्र नामाङ्कन पत्र बुझाएका छन् ।

यो प्रक्रिया भोलि समाप्त हुनेछ ।

त्यसपछि अठाइस अक्तूवरका दिन नामाङ्कन पत्रहरूको जाँच गरिनेछ ।

उम्मेदवारहरूले आफनो नाउँ तीस अक्तूवरसम्म फिर्ता लिन सक्नेछन् ।

मतदान तेह्र नवम्वरमा हुनेछ ।

---

## Training

नाम्ची सिंगिथाङ समस्टिको उपचुनाउको तयारीका लागि पीठसीन र मतदान अधिकारीहरूको पहिलो चरणको प्रशिक्षण नाम्ची उच्चतर माध्यमिक विद्यालयको प्रेक्षागृहमा आज आयोजित गरयो ।

जम्मा सन्ताउन्नता अधिकारीहरूले प्रशिक्षण लिए ।

यसमा राज्य स्तरीय प्रमुख प्रशिक्षक सुश्री भूमिका छेत्री र अन्य विधानसभा स्तरीय प्रमुख प्रशिक्षकहरूले चुनावी प्रक्रियाको महत्व, इलेक्ट्रोनिक भोटिङ पीठासीन मतदान अधिकारीहरूको जिम्मेवारी, र स्वतन्त्र र निस्पक्ष चुनाउका लागि पालन गर्नुपर्ने नियमहरूवारे जानकारी प्रदान गरे ।

---

## CM

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज पाकिममा विज्ञान तथा प्रौद्योगिकी विबागद्वारा आयोजित एउटा बैठकको अध्यक्षता गर्नुभयो ।

यसमा दुइवटा महत्वपूर्ण विषयहरू मिशन मोडमा हिमनदी विस्फोटद्वारा आउने बाढ़ीको न्यूनीकरण र आजीविकासका लागि नयाँ पहल सिक्किममा ठूलो अलैचीको खेतीलाई पुनजीवित गर्ने सम्वन्धमा चर्चा गरियो ।

बैठकमा बताइए अनुसार ठूलो अलैचीको खेती र उत्पादनलाई प्रोत्साहित गर्न नवोन्मेषी नीति तय गरिएको छ ।

यसै गरी हिमनदी विस्फोट बाढी न्यूनीकरण सम्वन्धमा भविस्यमा घल्फ को खतरावाट ज्यानमाल र पर्याव्यिवस्था जोगाउनका लागि व्यापक योजना तयार पारिएको छ ।

मुख्यमन्त्रीले विज्ञान तथा प्रौद्योगिकी विभागलाई असल परिणामलाई ध्यानमा राखेर काम गर्ने निर्देश दिनुभएको छ श्री तामाङले भन्नुभयो यी पहलहरूको कार्यान्वयनलाई द्रुत गतिमा अघि बढ़ाउनका लागि स्थलगत निरीक्षण गर्न उहाँले यसै वर्षको अन्ततिर व्यक्तिगत रूपमा सम्वेदनशील क्षेत्रहूरको भ्रमण गर्ने उहाँको योजना रहेको छ ।

---

## Ayurveda Day

क्षेत्रीय आयुर्वेद अनुसंधान संस्थान, गान्तोकले नवौ आयुर्वेद दिवस समारोह 2024 को एक भागको रूपमा सरकारी उच्चतर माध्यमिक विद्यालय तादोङमा आज कार्यक्रम आयोजन गरयो।

समग्र स्वास्थ्यका लागि आयुर्वेदका सिध्यान्तहरूको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा एक सय पच्चीसजना विद्यार्थीहरू सहभागी बने।

यसमा अनुसन्धान अधिकारी डा. श्रीलक्ष्मी आर एस ले आयुर्वेदिक दृस्टिकोणद्वारा स्वास्थ्य जीवनशैलीवारे बोल्दै सबैले सन्तुलित जीवनशैली अप्नाउनुपर्ने आवश्यकतामाथि बल दिनुभयो।

यस अवसरमा वैश्विक स्वास्थ्यका लागि आयुर्वेदको भूमिकावारे पोस्टर प्रतियोगिता र स्वास्थ्यका निम्ति असल खानपान सम्वन्धमा निबन्ध प्रतियोगिता आयोजन गर्नका साथै योगा शिविर राखिएको थियो।

---

## NIELT

रास्ट्रिय इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी संस्थानले आज पाकिममा रोजगार मेला आयोजित गरयो।

यसमा बोल्दै संस्थानका प्रभारी निदेशक श्री खगेन्द्र शर्माले भन्नुभयो गुणस्तरीय श्रमश्रक्ति र कौशल व्यावसायीहरू तयार पार्नु संस्थआनको उद्देश्य रहेको छ।

मेलामा तेह्रजना नियोक्ता र दुइ सय चालिसजना उम्मेदवारहरू सहभागी बने यीमध्ये रोजगारको अवसरका लागि सतासीजना प्रार्थीहरू छनौट भएका छन्।

---

## CMO Circular

मुख्यमन्त्री कार्यालयद्वारा हिजो जारी परिपत्र अनुसार अब उसो सरकारी कार्यक्रमहरू छोटो र उपयुक्त हुनुपर्नेछ।

यसमा भनिएको छ समारोहका बेला मञ्चमा पानी वाहेक खानेकुरा राख्न अनुमति दिइनेछैन अनि सोफाको साटो कुशन सहित सामान्य चौकीको प्रयोग गरिनेछ।

मुख्य सचिव, सबै विभागीय प्रमुख र सचिवहरूलाई परिपत्रको तत्काल कार्यान्वय गर्नुभनिएको छ।

---

## Gadkari Road Safety

केन्द्रीय सड़क परिवहत तथा राजमार्ग मन्त्री श्री नितिन गडकड़ीले भन्नुभएको छ सड़क सुरक्षा तन्त्रलाई असल बनाउनका लागि सरकारले सबै प्रकारका उन्नत तकनिकी जस्ता कृत्रिम वुध्दिमताको उपयोग गरिरहेछ।

नयाँ दिल्लीमा आज ट्र्याफिक एक्सपोको बाह्रौ संस्करणलाई सम्वोधन गर्दै उहाँले सड़क निर्माणमा उन्नत तकनिकी अप्नाउनमा जोड़ दिनुभयो।

केन्द्रीय मन्त्रीले भन्नुभयो सरकारले प्रतिभाशाली इञ्जीनियरहरूलाई सड़क निर्माणमा आफ्ना अनुभवहरू साझा गर्न प्रोत्साहित गरिरहेछ ताकि वाहनचालकहरूका लागि बाटोबाटो अधिक सुरक्षित बनाउन सकियोस्।